प्रमाणित मिति
२०७४।४।१२

स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरवार, काठमाडौं
वेब साईटः www.mof.gov.np

स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४

स्थानीय तहको बजेट कार्यान्वयनका लागि संघीय सरकारबाट अनुदानको रुपमा हस्तान्तरण भएको रकम र आफ्नो आन्तरिक श्रोत समेतलाई कायम गरी निर्माण गरिएको बजेट खर्चलाई व्यवस्थित तुल्याउन र सबै स्थानीय तहहरू बीच एकरुपता ल्याउने उद्देश्यले नेपाल सरकारबाट निर्देशिका जारी गरिएको छ।

१ **स्थानीय तहको अनुदान सम्बन्धमा**

१.१ विनियोजन ऐन, २०७४ मा नेपाल सरकारको व्यय अनुमानको विवरणको अनुदान संख्या ८०१ को अनुदान रकम स्थानीय संचित कोषमा हस्तान्तरण गर्ने व्यवस्था भए अनुरुप सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्वन्धित संचित कोषमा २०७४ साल साउन १ गते, मंसिर १ गते र चैत्र १ गते गरी ३ किस्तामा हस्तान्तरण रकम दाखिला गर्नुपर्नेछ।

१.२ नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान चालु आर्थिक वर्षका लागि निःशर्त प्रकृतिको अनुदान भएकाले तलब, भत्ता र प्रशासनिक खर्च लगायत हस्तान्तरण भएका कार्यक्रमहरू समेतलाई विचार गरी गाउँसभा र नगरसभाबाट स्वीकृत जुनसुकै कार्यक्रममा खर्च गर्न सकिनेछ। सशर्त अनुदानको हकमा स्थानीय तह मातहतका सम्वन्धित बिषयगत ईकाइसंग वा जिल्लास्थित कार्यालयसंग समन्वय गरी तोकिएको काममा खर्च गर्नुपर्नेछ। यस सम्वन्धी विस्तृत विवरण सम्वन्धित मन्त्रालयसंगको समन्वयमा संघीय

मामिला तथा स्थानीय विकास मन्त्रालयले उपलब्ध गराउनेछ। यस्तो बजेट रकमलाई पनि नगर/गाउं सभाबाट पारित गर्नुपर्नेछ।

१.३ नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको अधिकार सूचीभित्रको विषयमा नेपाल सरकारको कुनै निकायबाट कार्यान्वन गर्ने गरी विनियोजन भएको आयोजना वा कार्यक्रम मध्ये गाउंपालिका भित्रको भए पचास लाख रुपैया सम्म, नगरपालिका भित्रको भए १ करोड रुपैयांसम्म र उपमहानगरपालिका वा महानगरपालिका भित्रको भए दुई करोड रुपैयांसम्म विनियोजन भएको योजना वा कार्यक्रम सम्बन्धित निकायले श्रावण मसान्तसम्म हस्तान्तरण गरिसक्नु पर्नेछ। यसरी हस्तान्तरण भए अनुसार स्थानीय तहले कार्यान्वयन गर्नुपर्नेछ। स्थानीय तहले सम्बन्धित निकायबाट हस्तान्तरण भई आएका कार्यक्रमका लागि प्राविधिक जनशक्ति आवश्यक भएमा सम्वन्धित निकायसंग माग गर्नुपर्नेछ।

१.४ साविकका गाउं विकास समिति अनुदान तथा नगरपालिका अनुदानबाट संचालित आयोजना/कार्यक्रम र साविकमा केन्द्रीय कार्यक्रमको रुपमा रहि स्थानीय तहले प्रत्यायोजित अधिकार अन्तर्गत कार्यान्वयन गर्दै आएका र हाल नेपालको संविधान अनुसार स्थानीय तहको एकल अधिकार सूचीमा परेका कार्यक्रमहरुको रकम समेत समानिकरण अनुदानमा नै समावेश भएको हुंदा साविकमा सञ्चालन भई आएका, बहुबर्षिय खरिद योजना स्विकृत गरेका, नियमानुसार दायित्व सिर्जना भएका वा थप निरन्तरता दिन आवश्यक देखिएका कार्यक्रमहरु भएमा सम्वन्धित स्थानीय तहले त्यसको औचित्यता हेरी आवश्यक रकम विनियोजन र कार्य निरन्तरता दिन सक्नेछ।

१.५ वित्तीय हस्तान्तरण अन्तर्गतको समानिकरण अनुदानको रकममा स्थानीय तहमा साविक देखि नै स्वीकृत दरबन्दीमा रहेका निजामती कर्मचारी र केन्द्रीय अनुदानबाट तलब भत्ता प्राप्त गर्ने गरी स्वीकृत दरबन्दीमा नियुक्त स्थानीय तहका कर्मचारीहरूको तलब भत्ता लगायतका अनिवार्य दायित्व र कार्यालय संचालन (स्थानीय तहको केन्द्र तथा वडा कार्यालय संचालन) वापतको रकम समेत समावेश गरिएको हुँदा बजेट तयार गर्दा यस्ता दायित्वहरू समावेश गर्नु पर्नेछ। स्थानीय तहमा विषयगत कार्यालयहरूबाट समायोजन भएर आउने कर्मचारी तथा कार्यक्रमहरूको लागि भने समायोजन हुनु पूर्वको सम्बन्धित निकायबाटै हस्तान्तरण हुने हुँदा समानिकरण अनुदानबाट बजेट व्यवस्था गर्नुपर्ने छैन।

२. **गाउँपालिका तथा नगरपालिकाको वार्षिक योजना, कार्यक्रम र बजेट तर्जुमा र कार्यान्वयन**

२.१ स्थानीय तह कार्यपालिकाले निम्न बमोजिमका श्रोतलाई समावेश गरेर बजेट तयार गरी आफ्नो गाउँसभा तथा नगरसभामा प्रस्तुत गर्नुपर्दछ र सभाले पास गरे पश्चात मात्र बजेट कार्यान्वयनमा लैजानुपर्नेछ। तर आगामी आर्थिक वर्ष २०७४/७५ को हकमा नेपाल सरकारबाट प्राप्त हुने अनुदान, संचितकोषमा रहेको मौज्दात रकम र असूल हुन सक्ने राजस्व रकमलाई स्रोत कायम गरी बजेट पेश गर्न सकिनेछ। आगामी वर्षको बजेट बनाउँदा उपरोक्तानुसारको अनुमानित आयको सीमाभित्र रही कार्यक्रम सहितको अनुमानित व्यय बनाइ पेश गर्नुपर्नेछ।

क) नेपाल सरकारबाट प्राप्त हुने जुनसुकै प्रकारको अनुदान

ख) प्रदेश सरकारबाट प्राप्त हुने जुनसुकै प्रकारको अनुदान

ग) आफ्नो अधिकार सुची अनुसार प्राप्त हुने राजस्व

घ) राजस्व बाँडफाँड सम्वन्धी विभाजित कोषबाट प्राप्त हुने आय

ङ) नेपाल सरकार जमानत बसी लिएको ऋण

२.२ स्थानीय तहबाट कार्यान्वयन हुने वैदेशिक सहयोगमा सञ्चालित कार्यक्रमहरूको हकमा दातृ निकायसँगको सम्झौता बमोजिम नेपाल सरकारको सम्बन्धित निकायसँग समन्वय गरी कार्यान्वयनको व्यवस्था मिलाउनुपर्नेछ ।

२.३ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रकृयाको अवलम्बन गर्नुपर्नेछ । साथै, आगामी आ.व. २०७४/७५ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा साविकका स्थानीय तहहरूले सहभागितामूलक योजना तर्जुमा प्रकृया पुरा गरी कार्यक्रम बनाएका र साविक स्थानीय निकायको परिषदबाट कार्यक्रम स्वीकृत गरेको भएमा सोलाई समेत सन्दर्भ सामाग्रीको रुपमा प्रयोग गर्न सकिनेछ ।

२.४ नेपाल सरकारले लिएका राष्ट्रिय लक्ष्यहरू, भुकम्प पछिको पुनर्निर्माण, राष्ट्रिय सरसफाई रणनीति, अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता र सोबाट सिर्जित दायित्वलाई प्राथमिकता दिनुपर्नेछ ।

२.५ स्थानीय संभावनालाई ख्याल गर्दै स्थानीय तहको श्रोत परिचालन गर्न योगदान पुऱ्याउने कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नुपर्नेछ ।

२.६ साविकमा स्थानीय स्तरमा वार्षिक बजेट तथा कार्यक्रम तय गर्दा महिला, बालबालिका, आदिवासी जनजाति तथा पिछडिएको वर्ग, र क्षेत्र दलित र अल्पसंख्यकमा लक्षित कार्यक्रमहरू सञ्चालन

गर्ने गरिएकोमा आगामी दिनमा समेत त्यस्ता लक्षित क्षेत्रलाई उच्च प्राथमिकता दिई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न सकिनेछ ।

२.७ गाउँपालिका तथा नगरपालिकाहरूले सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी आगामी आर्थिक वर्षको लागि योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्नु पर्नेछ । यस सम्बन्धी नमुना कार्यविधि, स्थानीय तह बजेट तर्जुमा दिग्दर्शन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत उपलब्ध हुनेछ ।

२.८ स्थानीय तहबाट सञ्चालन हुने आयोजनाहरूको छनौट गर्दा क्रमागत आयोजनाहरू सम्पन्न गर्ने गरी र नयाँ आयोजनाको हकमा विस्तृत डिजाइन र लागत अनुमान तयार भइसकेकोलाई बजेट व्यवस्था गर्न उच्च प्राथमिकता दिनुपर्नेछ ।

२.९ गाउँसभा र नगरसभाबाट स्विकृत बजेटको प्रभावकारी कार्यान्वयनको लागि समयसीमा सहितको कार्ययोजना बनाई कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२.१० स्थानीय निकायबाट गरिने निर्माण कार्यस्थलमा सो कामसंग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य सुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धी) देखिने गरी काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्न सक्ने गरी सार्वजनिक गर्नु पर्नेछ ।

२.११ आगामी आर्थिक वर्ष देखि आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको देहायको विवरण प्रत्येक वर्षको पौष मसान्त भित्र अर्थ मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

- व्ययको अनुमान
- आफ्नो श्रोतबाट संकलन हुन सक्ने अनुमानित राजस्व
- राजस्व बाँडफाँडबाट प्राप्त हुन सक्ने अनुमानित रकम
- अनुदानबाट प्राप्त हुन सक्ने अनुमानित रकम
- बजेट घाटा पूर्ति गर्न आवश्यक पर्ने अनुमानित रकम र त्यसको श्रोत

२.१२ बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नुपर्नेछ ।

३. वित्तीय अनुशासन सम्बन्धी व्यवस्था:

३.१. वित्तीय अनुशासन सम्बन्धी व्यवस्था:

- आफूले उठाएको राजस्व र नेपाल सरकारबाट हस्तान्तरण भै संचितकोषमा दाखिला भएको अनुदान रकम स्थानीय तहको गाउँसभा तथा नगरसभाबाट स्वीकृत वार्षिक बजेट तथा योजना अनुसार कानुन बनाई खर्च गर्नुपर्नेछ ।
- कानुन बनाउँदा देहायका विषयलाई पालना गर्नुपर्नेछ ।
  - नेपाल सरकारको आर्थिक तथा वित्तीय नीति अनुसरण गर्ने ।
  - सबै प्रकारका आयलाई आफ्नो संचित कोषमा दाखिला गर्ने ।
  - अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि उपयोग गर्ने ।
  - पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने ।
  - आय व्ययको वर्गीकरण तथा लेखांकन नेपाल सरकारले निर्धारण गरे बमोजिम राख्ने ।

३.२ जवाफदेहीपूर्ण योजना तर्जुमा गरी स्थानीय तहमा सञ्चालित योजना र कार्यक्रमको सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा लैंगिक सशक्तिकरण र सामाजिक समावेशीकरण समेतको व्यवस्था मिलाउनुपर्नेछ ।

३.३ स्थानीय सेवाप्रवाहको गुणस्तर र सुशासनमा उच्च जोड दिनुपर्नेछ । वित्तीय अनुशासन तथा परियोजना अनुशासनमा रहेर स्थानीय तहको काम कारवाही अगाडि बढाउनुपर्नेछ ।

३.४ नेपालको संविधानको धारा ५९ (७) बमोजिम वित्तीय अनुशासन कायम गर्न स्थानीय तहले नेपाल सरकारको कानुन र नीति प्रतिकूल नहुने गरी कार्य गर्नुपर्नेछ । नेपाल सरकारको अनुदानबाट प्राप्त रकम संघीय सरकारको सामाजिक सुरक्षा कार्यक्रममा थप गरेर दिन र कुनै पनि प्रकारको आर्थिक सहायतामा खर्च गर्न पाइने छैन ।

३.५ नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि तलब भत्ता लगायतका अन्य रकमहरू समेत बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३.६ आय, व्यय र भौतिक प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा स्थानीय तहको कार्यालयमा सबैले देख्ने गरी अनिवार्य रुपमा सार्वजनिक गराउने व्यवस्था गर्नु पर्नेछ ।

३.७ गाउँ सभा र नगर सभाबाट स्वीकृत बजेटको नियमानुसार महालेखा परीक्षकको विभागबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

४. प्रशासन तथा कर्मचारी व्यवस्था

४.१ नेपाल सरकारको सेवामा रहेका कर्मचारीहरू सम्वन्धित स्थानीय तहमा हस्तान्तरण र समायोजन नभएसम्म जिल्लास्थित विषयगत कार्यालयहरूसँग भौतिक तथा प्राविधिक सहयोग लिन सकिनेछ ।

४.२ नेपाल सरकारबाट प्राप्त हुने अनुदानबाट तलब भत्ता भुक्तानी गर्ने गरी कर्मचारीको दरबन्दी थप गर्न वा कर्मचारी नियुक्त गर्न पाईने छैन । तर कर्मचारी समायोजन भएपछि पनि प्राविधिक कर्मचारी नपुग भएमा मात्र कार्यबोझ र कार्य विश्लेषणको आधारमा सेवा करारमा लिनलाई बाधा पर्ने छैन ।

४.३ आफ्नै श्रोत वा नेपाल सरकारको श्रोतबाट पारिश्रमिक वा सुविधा पाउने गरी यस अघि नियुक्ति भएका सल्लाहकार, परामर्शदाता लगायतको सेवा सम्बन्धमा सम्बन्धित स्थानीय तहले त्यस्तो कामको पुनरावलोकन गरी २०७४ साउन मसान्तभित्र टुंगो लगाउनु पर्नेछ ।

५. आर्थिक प्रशासन

५.१ गाउँपालिका तथा नगरपालिकामा नेपालको संविधानको धारा २२९ बमोजिम स्थानीय सञ्चित कोषको व्यवस्था गर्नु पर्नेछ । स्थानीय सञ्चित कोषमा देहाय बमोजिमका रकमहरू समावेश गर्नु पर्नेछ र यस कोषबाट कानून बमोजिम बाहेक कुनै प्रकारको खर्च गर्न पाइने छैन । सञ्चित कोषबाट रकम खर्च गर्न छुट्टै खर्च खाता खोली त्यस्तो खातामा स्थानीय सञ्चित कोषबाट रकम हस्तान्तरण गरी खर्च गर्नु पर्नेछः

(क) नेपाल सरकारबाट प्राप्त अनुदानको रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदानको रकम

(ग) गाउँपालिका वा नगरपालिकाको आन्तरिक राजस्व र अन्य आय,

(घ) अनुदान र ऋण रकम,

(ङ) राजस्व बाँडफाँड सम्बन्धी विभाज्य कोषबाट प्राप्त हुने रकम

(च) गाउँपालिका वा नगरपालिकामा गाभिएका साविकका गाविस तथा नगरपालिकाबाट दायित्व हस्तान्तरण भइ आएको रकम,

(छ) सरकारका अन्य विषयगत कार्यालयहरूबाट हस्तान्तरण भई आउँदा सो कार्यालयको निर्धारित कार्यका लागि छुट्याएको वा हस्तान्तरण भई आएको रकम,

(ज) अन्य जुनसुकै तरिकाबाट गाउँपालिका वा नगरपालिकालाई प्राप्त रकम ।

५.२ संचित कोष खाता नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको वाणिज्य बैंकमा मात्र खोल्नु पर्नेछ । स्थानीय सञ्चित कोष खातामा जम्मा भएको रकम खर्च गर्नका लागि छुट्टाछुट्टै चालु तथा पूँजीगत खर्च खाता खोल्नु पर्नेछ । संचित कोष खाताको विवरण सम्बद्ध कोष तथा लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ । यसमा सम्बद्ध कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकिए बमोजिमको समयमा अनुदान रकम हस्तान्तरण गर्नेछ ।

५.३ गाउँपालिका वा नगरपालिकाले संचित कोष खाता बाहेक खर्च खाता धरौटी खाता र अन्य आवश्यक खाताहरू नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त 'क' वर्गको वाणिज्य बैंक वा अन्य बैंक तथा वित्तीय संस्थामा आवश्यकता अनुसार खोल्नु पर्नेछ । सम्बन्धित गाउँपालिका वा नगरपालिकाको क्षेत्रमा त्यस्तो बैंक उपलब्ध नभएमा आफूलाई पायक पर्ने स्थानमा रहेको नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त बैंक वा वित्तीय संस्थामा खाता खोली कारोबार गर्न सकिनेछ ।

५.४ स्थानीय सञ्चित कोषको सञ्चालन गाउँपालिका वा नगरपालिकाको कार्यकारी अधिकृत र लेखा प्रमुखले गर्नु पर्नेछ ।

५.५ खर्च खाताहरूको सञ्चालन गाउँपालिका वा नगरपालिकाको कार्यकारी अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीले गर्न सक्नेछ ।

५.६ गाउँपालिका वा नगरपालिकाको कार्यपालिकाले निर्णय गरी वडास्तरको कार्यक्रम सञ्चालनका लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्न सम्वन्धित वडा कार्यालयको नाममा छुट्टै खर्च खाता सञ्चालन गर्न सक्नेछ । वडाको खाता खोल्ने, सञ्चालन गर्ने, कारोबारको लेखा राख्ने तथा हिसाब समायोजन लगायतका विषय गाउँपालिका वा नगरपालिकाको पूर्ण जिम्मेवारी भित्र रहनेछ ।

५.७ स्थानीय तहको कोषबाट कानून बमोजिम बाहेक कुनै प्रकारको रकम खर्च गर्न पाइने छैन । स्थानीय तहको खर्च सम्बन्धी कानुन नबनेसम्म खर्च सम्बन्धी व्यवस्था नेपाल सरकारको प्रचलित कानून अनुसार गर्नु पर्नेछ ।

५.८ प्रचलित कानून बमोजिम आर्थिक कारोबारहरूको अभिलेख व्यवस्थित राखी वार्षिक आर्थिक विवरण तयार गरी लेखा परीक्षण गराई तोकिएको समयमा सम्पर्क मन्त्रालयमा समेत पठाउनु पर्नेछ ।

५.९ ग-४ समूहको स्थानीय संचित कोष खाता, ग-५ समूहको बिशेष कोष खाता तथा ग-३ समूहको धरौटी खाता खोल्नको लागि गाउँपालिका तथा नगरपालिकाले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयमा समन्वय गर्नुपर्नेछ ।

५.१० स्थानीय तहको आम्दानी एवं खर्चको लेखा नेपाल सरकारको प्रचलित लेखा प्रणाली तथा लेखा ढाँचा बमोजिम राख्नु पर्नेछ । स्थानीय तहका लागि बजेट खर्च र प्रतिवेदनको कम्प्युटरकृत लेखांकन गर्न सफ्टवेयर उपलब्ध गराइनेछ । यसवाट लेखांकन र

प्रतिवेदन विद्युतीय माध्यमबाट अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा सहजै प्राप्त हुने व्यवस्था हुनेछ। यसमा आधारित भई बजेट निर्माण र खर्च सम्बन्धी लेखांकन गर्नुपर्नेछ।

५.११ आन्तरिक तथा अन्तिम लेखापरीक्षण हुँदा प्राप्त सुझाव तथा कायम बेरूजुको लगत राखी प्रचिलत कानून बमोजिमको रित पुऱ्याई फर्छ्यौट गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको लेखा उत्तरदायी अधिकृतको हुनेछ।

५.१२ गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी प्रचलित कानून अनुसार पेश्की फर्छ्यौट तथा बेरुजु संपरीक्षण गर्नु पर्नेछ।

५.१३ कार्यरत कर्मचारीको तलव, भत्ता, अन्य सुविधा तथा दैनिक भत्ता तथा भ्रमण खर्च नेपाल सरकारको प्रचलित मापदण्ड तथा नियम कानुन भन्दा बढी हुने गरी निर्धारण गर्न सकिने छैन।

५.१४ स्थानीय तहका पदाधिकारीको सुविधा प्रदेशसभाले बनाएको कानुन अनुसार हुनेछ। यस्तो कानून नबनेसम्म सम्बन्धित स्थानीय तहको सभाबाट निर्धारण भएबमोजिम सुविधा मात्र प्रदान गर्न सकिनेछ। यस्तो सुविधा स्थानीय तहबाट असूल भएको राजस्व रकमबाट मात्र खर्च व्यहोर्नुपर्नेछ।

५.१५ नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न सकिने छैन। तर जिल्ला तथा स्थानीय तहका विगतका कार्यालयहरू हस्तान्तरण हुँदा सवारी साधन हस्तान्तरण नभएको

अवस्थामा तत्काललाई आवश्यक सवारी साधन र विकास निर्माण तथा सरसफाई जन्य कार्यका लागि हेभी इक्वीपमेण्ट आदि व्यवस्था गर्न सकिनेछ।

५.१६ सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०६९ अनुसार स्वदेशी मालसामान तथा वस्तु अन्य मालसामान तथा वस्तुको प्रचलित बजार मूल्य भन्दा १५ प्रतिशत सम्म बढी भएपनि अनिवार्य खरिद गर्नुपर्ने व्यवस्थाको पालना गर्नु गराउनु पर्नेछ।

६. **सम्पत्ति हस्तान्तरण:**

६.१ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत कार्य विस्तृतीकरणको प्रतिवेदन बमोजिम स्थानीय तहलाई तोकिएको कार्य जिम्मेवारी भित्रका जिल्ला, नगर वा गाउँ स्तरका सरकारी वा अर्ध सरकारी स्वामित्वका संघ, संस्था, समिति, संरचना वा निकाय तत् तत् गाउँपालिका वा नगरपालिकामा हस्तान्तरण गर्न २०७४ भाद्र मसान्त भित्र कार्य योजना स्वीकृत गरी ६ महिना भित्र सम्बन्धित निकायले हस्तान्तरण गरिसक्नु पर्नेछ। यसरी हस्तान्तरण भइ आएका संघ, संस्था, समिति, संरचना वा निकाय स्थापना तथा सञ्चालन हुँदाको उद्देश्य विपरित अन्य प्रयोजनमा प्रयोग गरिने छैन। नेपालको संविधान बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन तथा यस आदेश अनुसार गाउँपालिका एवं नगरपालिकाको कार्य क्षेत्रभित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायहरूबाट सञ्चालन भई आएका स्थानीय स्तरका कार्यालय, संरचना, चल अचल सम्पत्ति (कृषि तथा पशु सेवा केन्द्र र उपकेन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र,

स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, शिक्षा स्रोत केन्द्र, सामुदायिक सिकाइ केन्द्र, सामुदायिक सूचना केन्द्र, सामुदायिक पुस्तकालय, सामुदायिक भवन, सरकारी वृद्धाश्रम, खेलकुद सम्बद्ध सरकारी संरचना, विभिन्न योजनाबाट सम्पन्न खानेपानी, सिंचाइ जस्ता विकास निर्माण सम्बन्धी संरचना आदि) स्वतः सम्बन्धित गाउँपालिका वा नगरपालिकामा हस्तान्तरण हुनेछ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ भाद्र मसान्तभित्र स्थानीय तहले तयार गरी सोको विवरण सार्वजनिक गर्नु पर्नेछ।

६.२ गाउँपालिका वा नगरपालिका वा वडा कार्यालयको आफनै भवन नभएमा हस्तान्तरण हुने विषयगत कार्यालयहरू जस्तै शिक्षा, स्वास्थ्य, कृषि विकास, पशु सेवा, स्थानीय पूर्वाधार आयोजना, कार्यक्रम आदिको भवन प्रयोग गर्न सकिने तर सो समेत अपर्याप्त भएको अवस्थामा नियमित रुपमा सेवा सञ्चालनको प्रयोजनको लागि प्रचलित कानुन बमोजिम नयाँ संरचना निर्माण नभएसम्मका लागि घर भाडामा लिन सकिनेछ।

६.३ गाउँपालिका वा नगरपालिका कायम हुँदा सोभित्र गाभिएका साविकका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुनेछ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ भाद्र मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ/नगर सभाको स्वीकृति लिनु पर्नेछ।

२०७४।४।१५